# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १६ जून २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

१. पश्चिम बङ्गाल सरकारले एक अधिसुचना जारी गर्दै पब्लिक सर्भिस कमिसनद्वारा प्रत्येक वर्ष सञ्चालन गरिने WBCS मेन परीक्षामा, वैकल्पिक विषयहरूको सूचीमा नेपाली विषयलाई अन्तर्भुक्त गरेको छ।

२. केन्द्र सरकारले इरानबाट भारतीय नागरिकहरूको सुरक्षित फिर्ता सुनिश्चित गर्न हरसंभव गरिरहेको छ।

३. सिक्किमबाट भोलिदेखि सुरु हुने कैलाश मानसरोवर यात्राको सबै तयारी पुरा गरिएको छ।

४. हिजोदेखि परेको अविरल वर्षाले पहाडको जनजीवन प्रभावित, पहिरोको कारण राजमार्ग १० बाधित।

५. पश्चिम बङ्गालमा मनसुन भित्रिएसँगै मौसमले एकाएक बदली भएको छ।

**पब्लिक सर्भिस कमिसन**

पश्चिम बङ्गाल सरकारले एक अधिसुचना जारी गर्दै पब्लिक सर्भिस कमिसनद्वारा प्रत्येक वर्ष सञ्चालन गरिने WBCS मेन परीक्षामा अप्सनल अर्थात् वैकल्पिक विषयहरूको सूचीमा नेपाली विषयलाई अन्तर्भुक्त गरेको छ। उक्त परीक्षामा नेपाली विषयलाई वैकल्पिक विषयहरूको सूचिमा नराखिएकोमा निक्कै चर्चा चुलिएर गएको थियो भने यसको चौतर्फी विरोध समेत भएको थियो। यस विषयलाई लिएर सम्बन्धित निकायलाई विभिन्न तहबाट पत्राचार गरिएको थियो।

**इरान**

केन्द्र सरकारले इरानबाट भारतीय नागरिकहरूको सुरक्षित फिर्ता सुनिश्चित गर्न हरसंभव गरिरहेको छ। भारतीय उच्चायोगका सदस्यहरू लिएर थप अर्को उडान आज आइपुग्ने आशा छ। यसअघि उत्तरी इरानबाट उद्धार गरिएका 110 भारतीय विद्यार्थीहरू नयाँ दिल्ली आइपुगेका छन्। इरान र इजरायलबीच जारी संघर्षका कारण बिग्रँदै गएको स्थितिलाई ध्यानमा राख्दै भारतले इरानबाट आफ्ना नागरिकहरूलाई बाहिर निकाल्न **अपरेशन सिन्धु** सुरु गरेको छ।इरानबाट फर्केका विद्यार्थीहरूले आकाशवाणी समाचारसित कुराकानी गर्दै सरकारप्रति कृतज्ञता व्यक्त गरे।

**ईरान-इस्राइल युद्ध**

इजरायल र इरानबीचको संघर्ष सातौं दिन पनि जारी छ। इरानी मिसाइलहरूले मध्य र दक्षिणी इजरायलका कैयन स्थानहरुमा गम्भीर क्षति पुर्‍याएको छ। यसैबीच, इरानले आफ्नो मिसाइल हमलाको मुख्य लक्ष्य दक्षिणी इजरायलको अस्पताल होईन तर नजिकैको सैन्य र खुफिया अड्डा रहेको बताएको छ। खबरहरु अनुसार इरानको ताजा गोलाबारीबाट तेल अवीव स्टक एक्सचेन्ज भवनमा पनि क्षति पुगेको छ।

**सिक्किम-कैलाश मानसरोवर यात्रा**

सिक्किममा भोलिदेखि सुरु हुने कैलाश मानसरोवर यात्राको सुचारु संचालनका लागि सबै तयारी पुरा गरिएको छ। राज्यपाल ओमप्रकाश माथुरले भोलि बिहान नाथुला पासमा यात्रालाई हरियो झण्डा देखाएर प्रस्थान गराउनु हुनेछ। 36 जना तीर्थयात्री र विदेश मन्त्रालयका दुई अधिकारीहरू सम्मिलित पहिलो जत्थाले भोलिदेखि आफ्नो यात्रा सुरु गर्नेछ। हाम्रा संवाददाताले जानकारी दिए अनुसार प्रत्येक जत्थालाई यात्रा पूरा गर्न 10 देखि 11 दिन लाग्नेछ।यस वर्ष, सिक्किमको नाथुलाबाट कैलाश मानसरोवर यात्रामा जम्मा 10 जत्था जानेछन्। पाँच वर्षको अन्तरालपछि यात्रा पुनः सुरु भएको छ। सबै तीर्थयात्रीहरूका लागि सहज र सुगम यात्रा सुनिश्चित गर्न विभिन्न राज्य र केन्द्र सरकारका एजेन्सीहरू मिलेर काम गरिरहेका छन्।

**मक ड्रिल**

आपातकालीन दुर्घटना तथा प्राकृतिक प्रकोपको समय उद्धार कार्य कसरी सम्पन्न गरिन्छन् सो बारे हिजो न्यू हाँसीमारा रेल स्टेशनको मक ड्रिलमा प्रदर्शन गरिएको छ। हाँसीमारा रेलवे स्टेशनमा सम्पन्न उक्त मक ड्रिलमा एनडीआरएफ, दमकल विभाग र स्थानीयहरूको सहभागिता रहेको थियो। हाँसीमारा आरपीएफ इन्स्पेक्टर-इन-चार्ज आर. बर्मनको नेतृत्वमा सो मक ड्रिल सफलतापूर्वक आयोजना गरिएको थियो।

**नदिया**

कडा सुरक्षाबीच नदिया जिल्लाको कालीगञ्ज विधानसभा सीटको लागि आज भएको उपचुनाव शान्तिपूर्ण समाप्त भएको छ प्रतिकुल मौसम हुदाहुदै पनि बिहानैदेखि मतदाताहरु छाता ओढाएर मतदान केन्द्र बाहिर लाइनमा उभिएका देखिन्थे। उपचुनावमा तृणमूल कांग्रेस, भाजपा र वाम–कांग्रेस गठबन्धनबीच त्रिकोणात्मक प्रतिस्पर्धा देखिएको छ।

**कालेबुङ**

अविरल रातभरको वर्षाले सिक्किम र पश्चिमबंगाललाई जोड्ने अत्यन्तै महत्वपूर्ण १० नम्बर राष्ट्रिय राजमार्गको दुई स्थानमा पहिरो खसेको छ, जसका कारण सवारी आवागमन ठप्प भएको छ। मुख्य रूपमा मल्ली र लिखुभीर नजिकको क्षेत्रमा पहिरोको कारण सडकमा ठूला ढुंगा र माटो खसेर बाटो पूर्णरूपमा अबरुद्ध भएको छ।

**खरसाङ**

आज दिनभरि परेको अविरल झरीले खरसाङ नगरपालिकाको वार्ड नम्बर 17 क्षेत्रमा पैह्रो गएको घटना प्रकासमा आएको छ भने पहिरोको कारण दुईवटा घरलाई क्षति पुगेको छ। उक्त पैह्रो आज दिउँसो 3.30 बजीतिर गएको जानकारी खरसाङ नगरपालिकाको भाइस चेयरम्यान सुवास प्रधानले दिनुभयो भने उक्त पैह्रो खरसाङको नयाँ बजार क्षेत्र अन्तर्गत जीटीए प्रमुख कार्यपाल अनित थापाको घर जाने सडकमा पैह्रो झरेको बताइएको छ। उक्त पैह्रो क्षेत्रको निरीक्षण गर्नलाई खरसाङ नगरपालिकाको भाइस चेयरम्यान सुवास प्रधान, पूर्व नगरपालिका चेयरम्यान समीरदीप ब्लोन, युवा शक्ति खरसाङ महकुमा समितिको सभापति प्रेमेन्द्र गुरूङ लगायत खरसाङ नगरपालिकाको एसएई सञ्जय थापा, सोनाम लामा, खरसाङ ईञ्जिनियरिङ विभागका अभियन्ताजरु पुगेका थिए। उक्त निरीक्षणपछि वार्ड नम्बर 17 मा गएको पैह्रोलाई तारपोलिनले छोप्ने कार्य गरिएको साथै भोलि उक्त पैह्रो क्षेत्रको सडक सभा गरिने जानकारी खरसाङ नगरपालिकाको भाइस चेयरम्यान सुवास प्रधानले दिनुभयो।

**स्वतन्त्रता दिवस**

७९ औ स्वतन्त्रता दिवस मिरिकमा भव्य रुपमा सम्पन्न हुने भएको छ।यसको तयारी अवागै शुरु भईसकेको छ भने आज एक सभा यसै बिषयमा मिरिकका बिभिन्न विद्यालयका विद्यालय प्रमुखहरुलाई लिएर सौरैनी सार्वजनिक भवनमा सम्पन्न भयो। आयोजक समितिका अध्यक्ष एलबी राईको अध्यक्षता एवं महासचिव अरुण सिंगचीको सञ्चालनमा सम्पन्न सभामा विभिन्न विद्यालयका शिक्षक शिक्षिकाहरुले आफ्नो सुझाव राखे भने यसै सुझावलाई लिएर अघि बढने प्रतिवद्धता जाहेर गरियो।

**मानसून**

पश्चिम बङ्गालमा मनसुन भित्रिएसँगै मौसमले एकाएक बदली भएको छ। बङ्गालको खाडीमा बनेको गहिरो न्यून चापीय प्रणालीका कारण राज्यका धैरै जिल्लाहरुमा भारी वर्षा र हावाहुरी चल्न थालेको छ। विशेषगरी दक्षिण बङ्गालका क्षेत्रहरूमा आज बिहानदेखि नै बाक्लो बादल र मुसलधारे वर्षा देखियो। क्षेत्रीय मौसम विज्ञान केन्द्र, अलीपुरका अनुसार पूर्वी मेदिनीपुर र दक्षिण २४ परगनाका तटीय जिल्लाहरूका साथै बीरभूम जिल्लामा आज भारी वर्षाको प्रबल सम्भावना रहेको छ। यसका साथै पुरुलिया, बांकुडा, पश्चिम मेदिनीपुर, पश्चिम बर्धमान र झारग्राम जस्ता पश्चिमी जिल्लाका केही स्थानमा अति भारी वर्षाको चेतावनी जारी गरिएको छ।यसैगरी मौसम विभागले उत्तर बङ्गालका लगभग सबै जिल्लामा आगामी दिनमा पनि भारी वर्षा जारी रहने स्पष्ट पारेको छ भने पर्वतीय क्षेत्रहरुमा यस अविरल वर्षाका कारण पहिरो जाने सम्भावना पनि रहेको छ। यसका साथै दार्जिलिङ र कालिम्पोङ जस्ता क्षेत्रमा सतर्कता बढाइएको छ भने रेलवे र सडक विभागहरूलाई सम्भावित अवरोधहरूको लागि तयार रहन भनिएको छ।